म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १५७ २०८० वैशाख १८ गते सोमबार 1 May 2023, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

**जग्गा बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका–९ गुम्बाचोक नजिकै १० (दश) धुर जग्गा र चौघडामा १०.५ (साढे दश धुर) को दुई टुक्रा घडेरी बिक्रीमा रहेकोले आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क नं.

९८५१३३२३८०, ९८०११८६७०९

### राष्ट्रपति रनिङ शिल्ड

# मकवानपुरलाई ३ रजत, ५ कास्य


रजत पदक विजेता दिना गोपालीसँगै आयुष, सुमन र सुजन ।

समाज संवाददाता

हेटौंडाः राष्ट्रपति रनिङ्ग शिल्ड राष्ट्रिय प्रतियोगितामा एथ्लेटिक्सतर्फ मकवानपुरले ३ वटा रजत र ५ वटा कास्य पदक जितेको छ । मकवानपुरका लागि ३ वटै रजत थाहा नगरकी दिना गोपालीले जितेकी हुन् । शुक्रबारदेखि काठमाडौंमा जारी प्रतियोगितामा दिनाले १ सय मिटर, २ सय मिटर र ४ सय गुणा ४ रिलेमा रजत पदक जितेकी हुन् ।

यसैगरी आयुष नेगीले १ सय गुणा ४ रिले र ४ सय गुणा ४ रिलेमा कास्य पदक जितेका छन् । यस्तै सुमन योञ्जनले ज्याभ्लिङ थ्रो र ४ सय गुणा ४ रिलेमा कास्य पदक जित्दा सुजन राईले १ सय गुणा ४ रिलेमा कास्य पदक जितेको मकवानपुर जिल्ला खेलकुद विकास समितिका प्रमुख माधव कोइरालाले जानकारी दिनुभएको छ । आयुष, सुमन र सुजन मकवानपुरको बकैया गाउँपालिकाका खेलाडी हुन् ।

बागमती प्रदेशस्तरीय छनोट प्रतियोगितामा मकवानपुर जिल्लाले ६ स्वर्ण पदक जित्ने क्रममा मकवानपुरकी दिना गोपालीले २ स्वर्णसहित ६ स्वर्ण जितेको थियो । दिनाले १०० मिटर र २०० मिटर दौडमा थाहा स्वर्ण पदक जितेकी थिइन् । यस्तै मकवानपुरका लागि बकैया गाउँपालिकाका आयुष नेगीले ४०० मिटर दौडमा, सुमन योन्जनले ज्याभलिङ थ्रोमा, १०० गुणा ४ रिलेमा बकैया गाउँपालिकाका आयुष नेगी, सुमन योन्जन, सूजन राई र पाण्डव राईको समूहले स्वर्ण पदक जित्दा, ४०० गुणा ४ रिले दौडमा बकैया गाउँपालिकाका आयुष नेगी, सुमन योन्जन, सूजन राई र जिकेश सापकोटाको समूहले स्वर्ण पदक जितेका थिए ।

यस वर्ष मकवानपुर जिल्ला खेलकुद विकास समितिले बन्दप्रशिक्षणको समेत व्यवस्था गरेको थियो । यस्तै बागमती प्रदेश खेलकुद विकास परिषद्ले पनि खेलाडीलाई बन्दप्रशिक्षणमा राखेको थियो । बागमती प्रदेशको टिमबाट मकवानपुरका ११ जना खेलाडी सहभागी भएका थिए ।

# सर्पको टोकाइबाट एकजनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडामा सर्पको टोकाइबाट एकजनाको मृत्यु भएको छ । आईतबार हेटौँडा-१९ बस्तीपुरमा विषालु सर्प खेलाउने क्रममा ३५ वर्षीय सोनु कँडेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार कँडेलले घर नजिकै रहेको जङ्गलबाट आफैँले सर्प ल्याएका थिए । उक्त सर्प खेलाउने क्रममा सर्पले दाहिने हातको माझी औँलामा टोक्दा गम्भीर बिरामी भई उपचारका लागि हेटौँडा अस्पताल ल्याइएको र उनको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक टेक कार्कीले जानकारी दिनुभयो ।

### त्रिभुवन माविमा अभिभावक भेला

# शैक्षिक गुणस्तर नसुध्रेकोमा प्रदेश मन्त्रीको चासो



अभिभावक भेलालाई सम्बोधन गर्नुहुँदै मन्त्री कुमारी मोक्तान ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११, नवलपुरस्थित त्रिभुवन माध्यमिक विद्यालयको ६२ औं अभिभावक भेला भएको छ । शनिबार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीपक उप्रेतीको अध्यक्षता तथा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा अभिभावक भेला भएको हो ।

अभिभावक भेलालाई सम्बोधन गर्नुहुँदै प्रेदश मन्त्री मोक्तानले विद्यालयको भौतिक विकास राम्रो भए पनि शैक्षिक विकास र बालबालिकाको सिकाई उपलब्धीमा सुधार हुन नसकेको भन्दै चासो व्यक्त गर्नुभयो । प्रदेश सरकारले शैक्षिक सुधारका लागि विभिन्न किसिमका अनुदानका कार्यक्रम सञ्चालन गरेर विद्यालय सुधारका लागि सहयोग गरे पनि विद्यालयको शैक्षिक सुधार भने सन्तोषजनक नभएको मन्त्री मोक्तानले उल्लेख गर्नुभयो । शैक्षिक क्षेत्र सध्रन सकेन भने समाज के होला भन्ने चिन्ता रहेको उल्लेख गर्नुहुँदै मन्त्री मोक्तानले भन्नुभयो, "समाजमा भोलि बन्ने डाक्टर, इन्जिनियर, शिक्षक, व्यवसायी, कर्मचारी सबै आजका विद्यालयका विद्यार्थी नै हुन् । तर, विद्यार्थीको शैक्षिक अवस्था कमजोर हुँदा कसरी समाजका लागि आवश्यक योग्य जनशक्ति उत्पादन हुन सक्ला ?"

अभिभावक भेलाकै अवसरमा शैक्षिक सत्र २०७९ मा कक्षागत प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कृत गरिएको छ । सात सय भन्दा बढी विद्यार्थी अध्ययनरत विद्यालयमा कक्षा १२ सम्म पठन-पाठन हुन्छ । यस्तै विद्यालयले खाद्य तथा प्रविधि विषय पठनपाठन गराउँछ । अभिभावक भेलाको अवसरमा विद्यालयले हालै खरिद गरेको बसको पनि मन्त्री मोक्तानले उद्घाटन गर्नुभएको छ । अभिभावक भेलामा जिल्ला शिक्षा समितिका अध्यक्ष एवम् जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, बागमती प्रदेशको शिक्षा निर्देशनालयका निर्देशक पूर्ण बहादुर दर्जी, वडा अध्यक्ष जुना दाहालको पनि उपस्थिति रहेको थियो ।

अभिभावक भेलालाई सम्बोधन गर्नुहुँदै प्रधानाध्यापक नारायणप्रसाद भण्डारीले पठन संस्कृतिको विकास गर्न कक्षाकोठामा बुक कर्नर निर्माण गरिने बताउनुभयो । यस्तै विद्यालयले शिक्षक पुनर्ताजगी तालिम, गोष्ठी, भ्रमण तथा सिकाई सामग्री सहयोग लगायतका कार्यक्रम सञ्चालन गरिने पनि स्पष्ट पार्नुभएको छ । अभिभावक भेलामा सहभागी अभिभावकले विद्यालयको शैक्षिक अवस्था कमजोर बन्दै गएको गुनासो गरे ।



## सम्पादकीय

# मजदुर एकता आवश्यक

आज मे १, अन्तर्राष्ट्रिय मजदुर दिवस । 'विश्वका मजदुर एक हौं' भन्ने नाराका विश्वभर आज मे दिवस अर्थात् मजदुर (श्रमिक) दिवस मनाइँदैछ । करिब एकसय ३० वर्ष अघिदेखि विश्वभर मजदुर दिवस मनाउन थालिएको हो । नेपालमा पनि राष्ट्रिय दिवसको रुपमा मजदुर दिवस मनाउन थालेको दशकौं भइसकेको छ । विश्वमा औद्योगिक क्रान्तिसँगै उद्योग कलकार खानाको विकास तिब्र बन्यो । औद्योगिक विकासको क्रम बढ्दै जाँदा मजदुर र मालिकबीचको विभेद पनि बढ्न थाल्यो । मजदुरहरुमाथि आर्थिक शोषण हुन थाल्यो । उद्योग, कलकारखानाका मालिक धनी बन्दै जाने र मजदुरलाई दुईछाक खान पनि धौधौ पर्ने अवस्था बनेपछि सन् १८८६ मा अमेरिकाको सिकागो शहरमा मजदुर आन्दोलन सुरु भयो । मालिक र मजदुरबीचको असमानता हटाउने उद्देश्यले कामको निश्चित समय र उचित पारिश्रमिकको माग गर्दै सुरु भएको मजदुर आन्दोलन चर्कंदै गयो । आन्दोलनरत मजदुर सँग मालिक झुक्न बाध्य बने र मे १ तारिखका दिन मजदुरको मागको सम्बोधन भयो । यसैको खुशीयालीमा सन् १८९० देखि प्रत्येक वर्ष मे १ तारिखमा विश्वभर श्रमिक मजदुर दिवस मनाउन थालियो ।

मजदुरकै मिहिनेत, परिश्रम र लगनशीलताले मालिक धनी बन्ने हो । मजदुरलाई जति धेरै सुविधा दिएर प्रोत्साहित गऱ्यो, त्यति उत्पादकत्व बढ्ने कुरालाई मालिकहरुले बुझ्न थाले । मजदुर आन्दोलनले सार्थकता पाएको दिनलाई श्रमिक मजदुरहरुले एउटा उत्सवको रुपमा लिए । श्रमिक मजदुरको हकहित रक्षाका लागि वर्षमा एकदिन भए पनि सबै मजदुर एकआपसमा मिलेर श्रमिक मजदुर दिवस मनाउन थाले । नेपालमा भने राजनीतिक आस्थाका आधारमा मजदुरहरु विभाजित बनेका छन् । राजनीतिक दलहरुले मजदुरहरुलाई आफ्नो दलीय राजनीतिमा आवद्ध गराए । राजनीतिक दलको भातृ संगठनको रुपमा मजदुर संगठनहरु खुले । एउटा औद्योगिक प्रतिष्ठानका मजदुरहरुसमेत अनेकौं संगठनमा विभाजित बने । अन्य समयमा मात्र नभई मजदुर दिवसका दिनसमेत मजदुर संगठनहरु विभाजित भएर मजदुर दिवस मनाउँदै आएका छन् । विश्वका मजदुर एक हौं भन्ने नारालाई मूल मन्त्र बनाएका मजदुर संगठनहरु विभाजित बन्दा उनीहरुको जायज र माग ओझेलमा पर्ने गरेको छ ।

नेपालमा राणा शासनको उत्तरार्द्धमा कलकारखानाको विकास सुरु भएको थियो । ठूला कलकारखाना खुल्न थालेपछि त्यहाँ काम गर्ने हजारौं मजदुरले आफ्ना हक, अधिकारका लागि माग राख्नु स्वभाविक हो । वि.सं. २००४ सालमा विराटनगर जुट मिलका मजदुरहरुले आफ्ना मागहरु राखेर औपचारिकरुपमा मजदुर आन्दोलन चलाएका थिए । त्यही मजदुर आन्दोलनले राणा शासनविरुद्धको क्रान्तिलाई मलजल गऱ्यो । २००७ सालको क्रान्तिपछि राणा शासन अन्त्य भयो । राजनीतिक परिवर्तनसँगै मजदुरका कतिपय मागहरु सम्बोधन भए । पञ्चायती व्यवस्था सुरु भएपछि फेरि मजदुरहरु बढी शोषित र पीडित बने । यसैकारण सन् १९६३ (वि.सं २०२०)देखि नेपालमा पनि मजदुर दिवस मनाउन थालियो । मजदुर दिवसका दिन पहिला श्रमिक मजदुरलाई मात्र विदा दिने गरिएकोमा वि. सं २०६४ सालदेखि यसदिन देशभर सार्वजनिक विदा दिने गरिएको छ ।

मालिक र मजदुर भनेका एउटा सिक्काका दुई पाटाजस्तै हुन् । मजदुर बिना मालिक र मालिकबिना मजदुरको अस्तित्व रहँदैन । मजदुर र मालिकबीच सुमधुर सम्बन्धबाट नै दुबैको हित हुने र औद्योगिक विकास तिब्र हुने निश्चित छ । मालिकले मजदुरलाई बढीभन्दा बढी सुविधा दिने र मजदुरले पनि लगनशील भएर काम गरेमा दुबैको हित हुन्छ । यसका लागि मजदुरहरु एक हुनु आवश्यक छ । आपसमा फुटेर होइन, जुटेर मजदुर एकता सम्भव हुन्छ । सम्पूर्ण मजदुर एक भएर आफ्ना जायज मागका लागि संघर्ष गरेमा उनीहरुको माग सम्बोधन हुने सम्भावना रहन्छ । मालिकबाट उचित सुविधा तथा जायज अधिकार प्राप्त गर्न र राज्यबाट उपयुक्त नीति, नियम लागू गराउन मजदुर एकता अपरिहार्य देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार र व्यवसाय मध्यमकारक रहने समय छ ।
**वृष** : मनोरञ्जनात्मक क्षेत्रमा खर्च बढ्ने समय छ ।
**मिथुन** : परिश्रम र अध्ययनप्रतिको समर्पण बढ्ने समय रहेको छ ।
**कर्कट** : लेखाइ–पढाइका कामहरु मध्यम फलदायी रहने समय छ ।
**सिंह** : बुद्धि र विवेकले ठीक बेठिक छुट्याउन नसक्ने अवस्था छ ।
**कन्या** : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ ।
**तुला** : वैदेशिक योग लाभकारक र पढाइ लेखाइ मध्यमकारक छ ।
**वृश्चिक** : अध्ययन–अध्यापनका कामहरु मध्यमकारक रहलान् ।
**धनु** : सामर्थ्य र क्षमताले अरुलाई प्रभावित बनाउँने योग छ ।
**मकर** : सल्लाह अनुसार काममा अगाडि बढ्दा राम्रो हुन्छ ।
**कुम्भ** : आध्यात्मिक भावनाको विकास हुने समय रहेको छ ।
**मीन** : आँटे ताकेका कामहरु प्रयासले पूर्ण हुने समय रहेको छ ।

# उपनिर्वाचनको परिणामले दिएको संकेत



✍बिमल केशरी पौडेल

प्रतिनिधिसभा उपनिर्वाचन, बैशाख १०, २०८० को परिणामले नेपालको राजनीतिमा प्रस्ट संकेत देखा परेको छ । नेपाली कांग्रेस त्यागेर उपचुनाव को मुखमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेश गरेका स्वर्णिम वाग्ले तनहुँमा र रास्वपाका अध्यक्ष रवि लामिछाने चितवनमा दोस्रो पटक उही ठाउँबाट नेपाली कांग्रेसका प्रतिनिधि भन्दा भारी मतान्तरणले विजयी भएका छन्। बारामा गठबन्धनको समर्थनमा जसपाका अध्यक्ष उपेन्द्र यादव विजयी भए पनि दोस्रो मत पाएका जनमत पार्टीका शिवचन्द्र कुशवाहले राम्रो टक्कर दिएका छन् ।

चितवन र तनहुँमा विशेषगरी कांग्रेस र गठबन्धन दोस्रो स्थानमा छ भने नेपालको ठूलो कम्युनिस्ट पार्टी र गएको प्रतिनिधि सभामा समानुपातिकतर्फ सबैभन्दा ठूलो पार्टी एमाले तीन वटै क्षेत्रमा तेस्रो स्थानमा खुम्चिएको छ । यो परिदृश्य नै नेपालको आगामी राजनीतिको यात्राको संकेत हो भन्न सकिन्छ। तनहुँको निर्वाचन परिणामले कांग्रेसमा पहिरो जान सक्ने सम्भावना छ भने बाँकीको परिणामले ठूला पार्टीहरुलाई निर्ममतापूर्वक आत्मसमीक्षा गर्न बाध्य पार्न सक्छ । तनहुँमा गोविन्द भट्टराई जस्ता स्थानीय र जनताले पनि मन पराएका व्यक्तिको ठाउँमा कांग्रेसबाट अलग्गिएका र बाहिरका व्यक्ति स्वर्णिम वाग्लेले चुनाब जित्नुको अर्थ कांग्रेस नेतृत्व, विशेषगरी देउबा-आरजूप्रति युवा पुस्ता र आम जनताले पनि चरम असन्तुष्टी व्यक्त गर्नु हो । जनताले राम्रो व्यक्ति मात्रै भएर मत दिएनन् । उनीहरुले पार्टी नेतृत्वप्रति पनि उत्तिकै बिरोधि भावना मतद्वारा व्यक्त गरे ।

चितवनमा रवि लामिछाने पछिल्लो चुनाब भन्दा बढी मतान्तरले विजयी हुनुको अर्थ जनताले सुशासन र भ्रष्टाचारको रास्वपाको नारालाई अझ बढी समर्थन गरेको देखिन्छ । ठूला पार्टी नेतृत्वप्रति वितृष्णा स्पष्ट देखिन्छ । बारामा उपेन्द्र यादवको जित उहाँका लागि ठूलो अग्नि परीक्षा थियो, हार्नु परेको भए मधेश आन्दोलनको एउटा हस्तीको राजनीतिक भविष्य नै अनिश्चित हुन सक्थ्यो । तर, बाराको परिणामले मधेशमा जनमत पार्टीको सुखद् यात्रा र नयाँ शक्तिको उदय भएको देख्न सकिन्छ । यो परिणामका केहि संकेतहरु आंकलन गर्न सकिन्छ ।

१) ठूला राजनीतिक दलहरुले आगामी निर्वाचनमा राम्रा छवि भएका उम्मेदवार उठाए पनि विजय अनिश्चित हुन् सक्छ ।

२ राजनैतिक एजेन्डा र कार्यक्रमको खाका पनि प्रस्ट नभएको, पपुलिस्ट नारामा अडेको तथा ठूला राजनीतिक दलहरुप्रति चरम वितृष्णा व्यक्त गरेको रास्वपा जस्तो पार्टीको उदय दक्षिणपन्थी बाटोमा जाने सम्भावना उत्तिकै छ । राप्रपा जस्तो पार्टीसँग सहकार्य हुन सक्छ । २०७२ सालको संविधान माथि प्रहार हुन सक्छ ।

३) रास्वपा र जनमत पार्टीका नेताहरु अग्नि परीक्षामा छन् । राम्रो काम गरे जनताले फेरि पनि मत दिने छन् । अन्यथा यिनीहरु पनि बढारिने छ ।

४) ठूला राजनीतिक दलहरुले पार्टी संगठन निर्माणमा जनवादी व्यवस्था (चुनाबबाटै तल्लो तहको नेतृत्व ल्याउने परिपाटी र केन्द्रिय हस्तक्षेप अत्यन्तै कम) र आम जनताले भोगिरहेका तात्कालिक र दीर्घकालिक समस्या पहिचान र उपचारमा सिंगो पार्टी पंक्तिलाई केन्द्रित गरेनन् भने वैकल्पिक शक्तिहरु उदाउँछन् । जुनसुकै आवरणमा किन न होस् । देशको भूराजनीति र अर्थनीति राम्ररी न बुझेका र राजनीति र कुटनीतिमा कमजोर पात्रहरु निर्वाचित भएमा उग्र राष्ट्रवाद तथा दक्षिणपन्थी भासमा जाने खतरा सदैव रही रहन्छ ।

अध्यक्ष, बौद्धिक मञ्च मकवानपुर

# विश्वासको संकटले रोकिरहेको समृद्धि सपना



✍राजु शर्मा

इजरायली इतिहासकार तथा लेखक युभल नोहा हरारीका अनुसार मानव कथामा विश्वास गर्ने प्राणी हो । उनले आफ्नो पुस्तक 'स्यापियन्सः अ ब्रिफ हिस्ट्री अफ म्यानकाइन्ड' मा कसरी वस्तुनिष्ठ वास्तविकता नभएका धर्म, राष्ट्र, प्रणाली, पैसा आदि मानवीय परिकल्पनाबाट सृजित 'कथाहरू' ले मानव सभ्यतालाई डोऱ्याउन थाले भन्ने विषय उजागर गरेका छन् ।

जब यी मानवीय कल्पनालाई सबैले विस्तारै विश्वास गर्दै जान थाले, तब यिनको भौतिक अस्तित्व नभए पनि वास्तविकतामा परिणत हुन थाले। जति धेरै जनाले र जति गहिरो विश्वास गर्न थाले, त्यो 'कथा'को प्रभाव उत्तिकै पर्न थाल्यो ।

यसरी कुनै एक कथा वा विचारले बाँधिएर धेरै मानिस एउटा साझा उद्देश्यको लागि काम गर्न सुरु गरेपछि मात्र मानव सभ्यताले फड्को मार्न सुरु गऱ्यो । विभिन्न सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक परिस्थितिले देशहरूको उत्पत्ति र विकास हुन थाले । जसलाई मूर्तरूप दिन धेरै जना लागिपरे ।

यसरी समान विचारले जोडिएर लाखौं मानिसले आफ्नो जीवन सहज बनाउन रचित संरचना नै अहिले समाजका शक्तिशाली साधन भएका छन् । विभिन्न देशका सरकार र यस अन्तर्गतका विभिन्न संस्थाहरू, मुद्रा, नियम कानुन आदि यसका उदाहरण हुन् ।

सरकारको स्थापना र संचालन मानव जातिले आफ्नो सुरक्षा र सुविधाको लागि बनाएको एक सफल संरचना हो । सरकारको सफलता यसले आत्मसात् गरेका र यो मातहत रहेका विभिन्न प्रणालीहरूमा निर्भर गर्दछ ।

सरकारले प्रभावकारी काम गर्न मानिसहरूको उक्त प्रणालीमा विश्वास हुनु आवश्यक छ । सबैले आ-आफ्नो कर्तव्य निभाए मात्र यो प्रणाली चल्दछ । यसको लागि सबैमा एकअर्काले आफ्नो काम पूरा गर्छन् भन्ने विश्वास आवश्यक छ ।

सरकार मातहतका धेरै मान्छेले म एक्लैले गरेर प्रणाली चल्दैन भन्न सुरु गरे भने प्रणालीले साँच्चिकै काम गर्न सक्दैन । अहिले नेपाल सरकार यस्तै अवस्थामा रहेको छ। नेपालमा पनि समयक्रमसँगै विभिन्न संरचना विकसित हुँदै गए । हजारौं मान्छेको विश्वास र जिम्मेवारी बहनबाट यो प्रणाली सृजना भएको हो। तर अरु विकसित देशहरूमा जस्तो सुव्यवस्थित र बलियो प्रणालीहरू नेपालमा विकास हुन सकेनन् ।

धेरै राजनैतिक उतारचढावपछि नेपाल अहिलेको अवस्थामा रहेको छ । लोकतन्त्र प्राप्ति र संविधान निर्माण सम्पन्न भएपछि जुन विकासको गति लिने अपेक्षा गरिएको थियो त्यो पूरा हुनसकेका छैनन् । यसको लागि जिम्मेवार स्थानमा बसेका तर केही जिम्मेवारी नलिएका व्यक्ति दोषी छन् ।

सीमित व्यक्तिले महत्त्वपूर्ण पदमा बसेर आफ्नो कर्तव्य पूरा नगर्दा सरकारले जनताको आवश्यकता र इच्छा पूरा गर्न सकिरहेको छैन । जनतालाई भन्दा सीमित समूह पोस्ने बाटोमा सरकार लागेपछि अहिलेका प्रणालीहरूमा विश्वसनीयताको अभाव खट्किएको छ ।

सरकारमा आपसी समन्वय नहुँदा सरकारी निकायहरूबीच नै विवाद सुरु भएका छन् । मन्त्रालयका कुरा पालिकाले पालना नगर्ने, पालिकाले आफ्नो अधिकार क्षेत्र मिचेर काम गर्न नदिएको जस्ता आरोप-प्रत्यारोप बेला-बेलामा सुनिन्छ ।

भर्खरै केन्द्रले महानगरलाई विभिन्न कुरामा असहयोग गरेको भन्दै बाघदरबार र सिंहदरबार आमनेसामने भएको खबर त सर्वविदितै छ। यो सब प्रष्ट जिम्मेवारी बाँडफाँड र आफ्नो जिम्मेवारी पूरा नगर्नाले भएको हो ।

सरकारले आफ्ना सम्पूर्ण कार्यालयहरूलाई एकढिक्का बनाएर अगाडि बढ्न सकेको छैन र त्यसैले उसले गरेको निर्णयको अपनत्व सरकारी निकायले नै लिन सकिरहेका छैनन्। सरकारले लागू गरेको वार्षिक आयोजना होस् वा दिगो विकासको आयोजना, उद्देश्य पूरा गर्न सम्बन्धित निकाय नै निराश देखिन्छन् ।

राष्ट्रिय गौरवका आयोजनाको प्रगति नगन्य छ । सरकारले देखेको सपनाहरूको कार्यान्वयनमा सरकार मातहतकै कार्यालयहरू विश्वस्त छैनन्, यसबाट कामकाज प्रभावित भएका छन् ।

यसको फलस्वरूप आम जनतामा पनि प्रणालीप्रतिको भरोसा कमजोर हुँदै गइरहेको छ । जसले जनतालाई 'वोन मेन आर्मी' बनाएको छ। सबै क्षेत्रको जिम्मेवारी आफैंले लिनुपर्ने बनाएको छ । अलिकति ख्याल नगरेको अवस्थामा जेसुकैमा पनि ठगिने अवस्था छ । यहाँ एक आम साधारण व्यक्ति आफैंले आफ्नो स्वास्थ्य, शिक्षा, किनमेल सबैमा आफैं जिम्मेवार हुनुपरेको छ ।

दिनहुँ अत्यावश्यक चिज जस्तै खानेकुराको गुणस्तर, खानेपानी, दैनिक हुने किनमेल सबैमा आफैं सजग हुनुपर्ने अवस्था छ ।

तरकारीमा विषादी मिसिएको छ कि, अस्पतालमा लापरबाही हुन्छ कि वा पेट्रोल पम्पमा ठगिने पो हो कि भन्ने जस्तो हेर्दा सामान्य देखिने कुराहरूमा अविश्वास सबैतिर देख्न सकिन्छ। यसले नेपाली जीवनलाई थप कठिन बनाएको छ । यहाँ प्रत्येक समस्या व्यक्तिगत तवरबाट झेल्नुपरेको छ ।

कुनै व्यक्ति चाहेर पनि सबै कुरामा विज्ञ बन्न सक्दैन । त्यसैको परिपूर्ति गर्नलाई अहिलेका प्रणालीहरू विकसित गरिएका हुन् । उसले केही जिम्मेवारी पूरा गर्न सक्छ र बाँकी अरुमा ऊ प्रणालीमा भर पर्नुपर्ने हुन्छ ।

जब उसको अरू आवश्यकता पूरा हुन्छ र ऊ एक मात्रै काममा आफ्नो पूर्ण क्षमताका साथ लागिपर्न सक्छ । उसले समाजलाई योगदान गर्न सक्दछ । जब सरकारले आफ्नो जिम्मेवारी पूरा गर्न थाल्छ, तब मात्र जनताले देशप्रतिको आफ्नो जिम्मेवारी पूरा गर्न सक्षम हुन्छन् ।

जनताको जीवन सहज हुनको लागि सरकार र प्रणालीमा विश्वास हुन आवश्यक छ । आफूले कुनै कामको जिम्मेवारी लिएर अरु कुराको लागि प्रणालीमा भर पर्ने लाभ सबै जनताले अनुभव गर्न पाउनुपर्छ। र, आफ्नो काम उत्कृष्ट रूपमा पस्केर समाज र यसले स्थापना गरेको प्रणालीलाई बलियो बनाउँदै लैजानुपर्छ ।

यदि कोही शिक्षक छ भने उसले आफ्नो सम्पूर्ण ध्यान शिक्षणमा लगाउने वातावरण पाउनुपर्छ, गायक छ भने आफ्नो खुबी सबै गायनमा देखाउन चाहिने आधारभूत सुविधा उसले पाउनुपर्छ अनि मात्र देशमा उत्कृष्ट प्रतिभाहरु जन्मिन्छन् ।

देश नेता मात्रैले कहिल्यै पनि बनाउँदैनन् । देश त आफ्नो जिम्मेवारी पूरा गर्ने मिहिनेती शिक्षक, डाक्टर, खरिदार, लेखक, सूचीकार, कुचीकार आदिले बनाउँछन् । यसरी जब देशमा विद्यमान प्रणाली बलियो भई जनताको आधारभूत आवश्यकता पूरा गर्न थाल्छन् तब मात्र देश विकसित हुन्छ ।

त्यसैले विभिन्न देशको अवस्था र ती अवस्थाको कारण सम्बन्धी अध्ययन गरिएको प्रसिद्ध पुस्तक 'ह्वाइ नेसन्स फेल' मा देशमा जनताको कल्याणको लागि काम गर्ने शक्तिशाली 'इन्स्टिच्युसन' हुनु नै विकासको मुख्य पूर्वशर्त भनिएको छ । यसको लागि कुशल राजनैतिक नेतृत्वको आवश्यकता पर्दछ ।

जब सरकारी निकायका व्यक्तिहरू आफ्नो जिम्मेवारी सम्झेर काम गर्न सुरु गर्छन् तब जनताको पनि विश्वास बढ्न थाल्छ। उनीहरुले पनि सरकारको योजनामा साथ दिन थाल्छन् र ठूला भनिएका कामहरु पनि रफ्तारमा हुन सक्छन् ।

सरकारले जिम्मेवारीपूर्वक काम गर्ने हो भने जनताले सरकारलाई कसरी प्रभावकारी रूपमा सहयोग गर्छन् भनेर केही अगाडिको नेदरल्याण्डको घटनालाई हेर्न सकिन्छ । रसिया-युक्रेन युद्धबाट उब्जेको परिस्थितिको कारण रसियन ग्याँसमा निर्भरता कम गर्न डच सरकारले खपत कम गर्ने विभिन्न नयाँ प्रावधानहरू जारी गरेको थियो र जनताको साथ खोजेको थियो । जनताले स्वतस्फूर्त ऊर्जा खपत कम गर्न आफ्नो उपभोग

...बाँकी पृष्ठ ३ मा

# मनहरीको भूमिहीन सुकुम्बासी संगठित

समाज संवाददाता

हेटौंडाः भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसाबासीको मुद्धा सम्बोधनका लागि दबाब दिने उद्देश्यले संघर्ष समिति बनाइएको छ। मनहरी गाउँपालिका वडा नम्बर ६ र ७ का भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको भेलाले क्षेत्रबहादुर मुक्तानको अध्यक्षतामा ३५ सदस्यीय संघर्ष समिति गठन गरेको हो।

मनहरी–६ को डिपाड सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष डम्बरबहादुर मुक्तानको सभाध्यक्षतामा भएको स्थानीयको भेलाले भूमिहीन सुकुम्बासी र अव्यवस्थित बस्तीको मुद्धा सम्बोधन गर्न स्थानीय, प्रदेश र संघीय सरकारलाई जगगा नापी गरी लालपुर्जा वितरण गर्न दबाब दिने उद्देश्यले समिति बनाइएको हो। मनहरी ६ र ७ का लोथर, सुनाचुरी, खहेरघारी, जोगीताल, भुलचोक, चौकीटोल, डिपाड, रमनटार, बिजौना, निर्मलबस्ती, लामाटोल, गोदामलगायत बस्तीहरुको सम्पूर्ण ऐलानी जमिनहरु नापी नक्सा गरी लालपुर्जाको व्यवस्था गर्न दबाब दिने उद्देश्यले समिति गठन गरिएको रमनटार टोल सुधार समितिका अध्यक्ष हरिचन्द्र शाही ठकुरीले जानकारी दिनुभयो।

२०६० सालदेखि राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने बस्तीमा बस्दै आएकालाई दुःखको भुमरीबाट बाहिर निकाल्न दबाब दिनु आवश्यक भएको उहाँले बताउनुभयो। आफूहरुको पसिना बगेको ठाउँको लालपुर्जाका लागि जुनसुकै मूल्य चुकाउन तयार रहेको भन्दै ठकुरीले सामाजिक न्यायका एकजुट भएर लड्न तयार हुनुपर्ने बताउनुभयो।

'हाम्रो भोट चल्यो, नोट चल्यो तर जमिन चलेन किन ?', ठकुरीले प्रश्न गर्दै भन्नुभयो– 'हिजोका दिनमा हाम्रो व्यथाको बारेमा बुलन्द आवाज उठाउने राजनीतिक दल आज कता हराए ?' यहि बस्तीमा बसेर बागमती प्रदेशदेखि वडा तहसम्मका जनप्रतिनिधि भएर रातो मसी चलाउन सफल भए पनि जमिन चल्न नमिल्ने गरेर आफूहरुलाई राज्यले अछुत बनाएको ठकुरीको गुनासो छ। 'आवश्यक परे जनप्रतिनिधिलाई उसकै कार्यालयमा थुन्छौं', उहाँले आक्रोश व्यक्त गर्दै भन्नुभयो– 'बस्तीको भूस्वामित्वका लागि शहीद हुन तयार छु।'

छिमेकी जिल्ला र मकवानपुर जिल्लाभित्रै अन्यत्र लालपुर्जा दिन मिल्ने भए पनि आफूहरुलाई किन नदिएको भन्दै उहाँले जनप्रतिनिधिहरुलाई प्रश्न गर्नुभयो। मध्यवर्ती क्षेत्र जनताको हितमा नरहेको भन्दै यसलाई खारेज गरेर पुरानै सिमाना कायम गर्न उहाँले माग गर्नुभयो।

नेकपा एमालेको वडा अध्यक्ष गोपीराम मुक्तानले जगगाधनी पुर्जा प्राप्त गर्न भए गरेको प्रयासबारे जानकारी दिनुभयो। अघिल्लो गाउँपालिका अध्यक्षको पालामा भएगरेको काम मध्यवर्ती र निकुञ्जको तर्फबाट रोकिएको भन्दै गाउँपालिकाको वर्तमान नेतृत्वले यसअघिको कामलाई निरन्तरता दिनुपर्ने बताउनुभयो।

मनहरी गाउँपालिका ७ नम्बर वडाका कार्यबाहक अध्यक्ष नवराज सुवेदीले राजनीतिक अस्थिरताकै कारण काम थाती रहेको बताउनुभयो। मनहरीको अन्य वडाभन्दा ६ र ७ नम्बरमा धेरै अव्यवस्थित बसोबास रहेकाले यसको चाँडो निकासको खाँचो रहेको जानकारी दिनुभयो। गाउँपालिकाको टिम चाँडै प्रधानमन्त्री कार्यालय र भूमि व्यवस्था मन्त्रालय गएर दबाब दिने उहाँको भनाई छ।

नेकपा एमाले मनहरी गाउँकमिटी अध्यक्ष नवीन सुवेदीले नापीको कुरा पटकपटक उठ्ने गरेको भए पनि कार्यान्वयन नभएको भन्दै सरकारले जवाफ दिनुपर्ने बताउनुभयो। नेपाली कांग्रेस मनहरीका सभापति प्रकाश बर्तौलाले जनताको काममा लरबराउने सरकार नखोजेको बताउनुभयो। उहाँले जनताको अधिकार प्राप्तिका लागि गाउँपालिका सरकारलाई लाग्न आग्रह गर्नुभयो।

नेकपा एमाले जिल्ला सदस्य वीरेन्द्र डीसीले जनता दुःख, पीडा परेरै संघर्षमा उत्रेको भन्दै मध्यवर्ती सिमाना पुनः निर्धारण गर्नुपर्ने बताउनुभयो। नेकपा माओवादी केन्द्र बागमती प्रदेश सचिवालय सदस्य वीरबहादुर घलान ज्वालाले यो बस्ती बसाउने समयदेखि अहिलेसम्म प्रत्यक्ष र अप्रत्यक्षरुपमा निरन्तर पार्टीको साथ सहयोग रहेको बताउँदै जनतालाई लालपुर्जा दिने भनेर घोषणापत्रमै उल्लेख गरेकाले कार्यान्वयनमा जोड दिनुपर्ने दावी गर्नुभयो। मनहरी गाउँपालिकाका पूर्व अध्यक्ष एकराज उप्रेतीले ८ हजार ४५३ घरधुरीको निवेदन गाउँपालिकामा परेको बताउनुभयो।

# पौडी खेल्दा बेपत्ता भएका परियार मृत फेला

समाज संवाददाता

हेटौंडाः धादिङ जिल्लाको बेनीघाट रोराङ गाउँपालिका–३, करङखोलामा एक जना मृत फेला परेका छन्। मृत फेला पर्नेमा चितवन जिल्ला राप्ती नगरपालिका–३ घर भई हाल धादिङ बेनीघाट रोराङ–३, मलेखु बस्ने १७ वर्षीय सन्दिप परियार रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

परियार वैशाख १२ गते मंगलबार त्रिशुली नदीमा पौडी खेल्ने क्रममा हराई बेपत्ता भएका थिए। बेपत्ता परियार शनिबार बिहान ११ बजेर ३० मिनेटमा त्रिशुली नदी किरानमा मृत फेला परेको प्रहरीले जनाएको छ। पोष्टमार्टमपश्चात् शव आफन्तले बुझिलिएको प्रहरीले जनाएको छ।

# फर्किए सांसद चन्द्र भण्डारी

काठमाडौंः ग्यास चुहावटका कारण भएको आगलागीमा जलेर गम्भीर घाइते भएका नेपाली कांग्रेसका नेता चन्द्र भण्डारी साढे दुई महिना भारतमा उपचार पछि आइतबार स्वदेश फर्किएका छन्। उनले आफ्नो उपचारमा सहयोग गर्ने र स्वास्थ्यलाभको कामना गर्ने सबैलाई धन्यवाद दिएका छन्। ३ फागुन २०७९ मा घरमै भएको आगलागीमा परी भण्डारीकी आमाको भने निधन भएको थियो। आगामी दिनमा आगलागीबाट हुने घटनाहरु कम गर्न नीति निर्माण तहमा वा अन्य कुनै पनि ढंगले योगदान गर्न सके आमाका लागि श्रद्धाञ्जली हुने सांसद भण्डारीले बताएका छन्। उनले अब नेपालमा आगलागीबाट हुने घटनाहरु कम गर्न तथा आगलागीबाट हुने मृत्युदर कम गर्न पैरवी गर्ने घोषणा पनि गरेका छन्। स्रोतः अनलाइनखबर।

# जेसीआई हेटौंडाको पूर्वअध्यक्ष क्लबमा श्रेष्ठ

समाज संवाददाता

हेटौंडाः मकवानपुरको पहिलो जेसीज जेसीआई हेटौंडाको पूर्व अध्यक्ष क्लबको अध्यक्षमा धर्मकृष्ण श्रेष्ठ चयन हुनुभएको छ। शनिबार हेटौंडामा भएको पूर्वअध्यक्षहरुको साधारणसभाले श्रेष्ठलाई अध्यक्षमा चयन गरेको हो। उहाँ वर्ष सन् २००१ का अध्यक्ष हुनुहुन्छ।

भेलाले वर्ष सन् २०१९ का अध्यक्ष सन्देश डिसीलाई पूर्व अध्यक्ष क्लबको सचिव चयन गरेको छ। जेसीआई हेटौंडा वर्ष २०२२ का पूर्वअध्यक्ष क्लबका अध्यक्ष माधवकुमार न्यौपानेको अध्यक्षतामा भएको साधारणसभामा २५ जना पूर्वअध्यक्षहरु सहभागी थिए। कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघको केन्द्रीय सदस्यमा निर्वाचित भएका जेसीआई हेटौंडाको सन् २०१२ का अध्यक्ष कृष्ण कटुवाललाई सम्मान गरिएको थियो।

संस्थालाई आवश्यक सल्लाह र सुझाव दिनुहुँदै सही मार्गदर्शन गर्न भूमिका खेल्ने पूर्वअध्यक्ष क्लबका अध्यक्ष श्रेष्ठले प्रतिबद्धता जनाउनुभएको छ। "जेसीज नेतृत्व र व्यक्तित्व विकाससँगै सामाजिक कार्यमा सक्रिय संस्था हो। मकवानपुरमा जेसीजप्रति आकर्षण बढ्दो छ," पूर्वअध्यक्ष क्लबका अध्यक्ष श्रेष्ठले भन्नुभयो, "पूर्व अध्यक्षहरुको अनुभव अहिलेको नयाँ पुस्तालाई हस्तान्तरण गर्दै अघि बढ्नेछौं।" जेसीआई हेटौंडा वर्ष सन् १९७८ मा स्थापित भएको हो। मकवानपुरमा अहिले दुई प्रस्तावितसहित ८ वटा जेसीज क्रियाशील छन्। हालसम्म हेटौंडाले ४ वटालाई मातृत्व प्रदान गरिसकेको छ।

# सहकारी व्यवस्थापन तालिम सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघको आयोजनामा हेटौंडामा आधारभूत सहकारी व्यवस्थापन तालिम सुरु भएको छ। ६ दिन सञ्चालन हुने तालिम आइतबार जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानले उद्घाटन गर्नुभयो।

संघका अध्यक्ष रामहरि न्यौपानेको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, मकवानपुर जिल्ला सहकारी संघका निवर्तमान अध्यक्ष बद्रिप्रसाद लम्साल, जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठ, राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखाका प्रबन्धक रामेश्वर अर्यालको पनि आतिथ्य रहेको थियो।

तालिममा कल्पना श्रेष्ठ, विष्णुमाया लामा, बद्रिप्रसाद लम्साल, भीम परियार, शर्मिला डंगोल, भीम पाखिन, वीरेन्द्रप्रसाद ढुंगाना, गोविन्द दाहाल, रामेश्वर अर्याल, र सिताराम दाहालले सहजीकरण गर्नुहुनेछ। तालिममा जिल्लामा रहेका बहुउद्देश्यीय सहकारी, कृषि सहकारी र बचत तथा ऋण सहकारी संस्थाका पदाधिकारी र कर्मचारी गरी ३० जनाको सहभागिता रहेको छ।

# हेटौंडामा फलफूलको मूल्य बढ्यो

समाज संवाददाता

हेटौंडाः हेटौंडामा केही फलफूलको मूल्य बढेको छ। मेवा, स्याउलगायत केही फलफूलको मूल्य बढेको हो।

हेटौंडा उपमहानगरपालिकाको पदमपोखरी तथा हटिया क्षेत्रमा उत्पादन भएको मेवाको मूल्य बढेको छ। यसअघि प्रतिकेजी ४५ रुपैयाँ थोक मूल्य रहेको मेवाको मूल्य बढेर प्रतिकेजी ६० रुपैयाँ पुगेको फलफूल व्यवसायी एसराज बानियाँले बताउनुभयो।

हेटौंडा बजारमा आइतबार प्रतिकेजी २२ रुपैयाँमा खरबुजा बिक्री भएको छ। अंगुर प्रतिकेजी १२०, कालो अंगुर प्रतिकेजी १५०, स्याउ प्रतिकेजी २४० रुपैयाँमा बिक्री भइरहेको फलफूल व्यवसायी विकास न्यौपानेले जानकारी दिनुभयो।

यस्तै, बजारमा नेपाली किबी नआएको बताउँदै भारतीय किबीको मूल्य प्रतिकेजी ४ सय रुपैयाँ रहेको फलफूल व्यवसायी कृष्ण बिडारीले जानकारी दिनुभयो। थोक बजारमा भारतीय सुन्तला प्रतिकेजी एक सय रुपैयाँमा बिक्री भएको उहाँले जानकारी दिनुभयो।

थोक बजारमा आलुको बिक्री मूल्य प्रतिकेजी ३३ रुपैयाँ रहेको छ। आइतबार बन्दा प्रतिकेजी १० रुपैयाँ र काउली प्रतिकेजी २० रुपैयाँमा बिक्री भएको तरकारी व्यवसायी संगीता पराजुलीले जानकारी दिनुभयो। यस्तै, प्याज प्रतिकेजी ३४ रुपैयाँ, सुकेको खुर्सानी प्रतिकेजी ४ सय ५० रुपैयाँ र लसुन प्रतिकेजी एक सय ९० रुपैयाँमा बिक्री भएको उहाँले बताउनुभयो।

# भिरबाट लडेर २ वर्षीया बालिकाको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको हरिहरपुरगढी गाउँपालिका–२, बन्चरेमा भिरबाट लडेर एक बालिकाको मृत्यु भएको छ। सोही स्थान बस्ने रामबहादुर पहरीको २ वर्षीया छोरी आकांक्षा पहरी भिरबाट लडेर मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

शनिबार बेलुका ७ बजेको समयमा बालिका भिरबाट लडी गम्भीर घाइते भएकी थिइन्। घाइते पहरीलाई उपचारका लागि एनएमसी अस्पताल बीरगञ्ज लगिएकोमा उपचारका क्रममा १० बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

# प्रधानन्यायाधीश नियुक्तिको माग गर्दै बारले सुरु गऱ्यो धर्ना



काठमाडौंः प्रधानन्यायाधीश नियुक्तिको माग गर्दै कानुन व्यवसायीहरुले आइतबारदेखि विरोध प्रदर्शन सुरु गरेका छन्। नेपाल बार एशोसिएसनको अगुवाइमा बारको कार्यालय परिसरमा भइरहेको प्रदर्शन एक हप्तासम्म चल्नेछ। नेपाल बार एशोसिएसनले प्रधानन्यायाधीश नियुक्तिका लागि प्रक्रिया अघि बढाउनुपर्ने माग राखी यसअघि सरकारको ध्यानाकर्षण र दबावमूलक कार्यक्रम गर्दै आएको थियो।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संवैधानिक परिषदको बैठक बोलाए पनि उक्त बैठकले प्रधानन्यायाधीशको नियुक्ति सिफारिस गर्न सकेन। त्यसपछि फेरि बारले दबावमूलक आन्दोलन अघि बढाएको हो। प्रमुख दलहरुबीच संवैधानिक परिषदसम्बन्धी विधेयकमा नै मत बाझिएको छ। त्यसैले संसदबाट विधेयक पारित नहुँदा प्रधानन्यायाधीश नियुक्ति सिफारिस हुन सकेको छैन। तत्कालिन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध २०७८ फागुन १ गते महाअभियोग प्रस्ताव दर्ता भएपछि सर्वोच्च अदालत कामु प्रधानन्यायाधीशको भरमा चलिरहेको छ।

नेपाल बार एशोसिएसनको केन्द्रीय समिति र विभिन्न अदालतको बार इकाइहरुले पनि प्रधानन्यायाधीश नियुक्तिको माग गर्दै धर्ना र आन्दोलन गरेका छन्। स्रोतः अनलाइनखबर।

# विश्वासको संकटले...

घटाए। यो सबै आफ्नो देशको प्रणालीमा भएको विश्वास र त्यो प्रणाली चलाउन आफूले दिनुपर्ने योगदानको जिम्मेवारीबोधले सम्भव भएको हो।

नेपालमा विश्वासिलो प्रणाली विकासका लागि धेरै कुरा गर्नुपर्ने छन्। विशेषगरी सरकारी कार्यप्रणालीमा व्यापक सुधारको आवश्यकता छ। सबै कर्मचारीले जिम्मेवारीबोध गरी आफ्नो कर्तव्य पूरा गर्नुपर्दछ।

जनताको विश्वास लिनको लागि पहिले सरकार आफूले नै आफ्नो प्रणालीमा विश्वास गर्नुपर्छ। यसको लागि राजनैतिक दल र तिनका नेताले नेतृत्वदायी भूमिका खेल्नुपर्छ। हाम्रो माटो सुहाउँदो 'नेपाली ड्रिम' सृजना गरी त्यसमा सबैको विश्वास जगाउनुपर्छ। 'समृद्ध नेपाल, सुखी नेपाली' जस्तो नारालाई सारा नेपालीको साझा सपना बनाउनुपर्छ। यसको लागि माथिल्लो तहले आफ्नो जिम्मेवारी पूरा गरी तल्लो तहलाई दिशानिर्देश गर्नुपर्छ।

अहिलेको शिक्षामा पनि व्यापक रुपान्तरण आवश्यक छ। सबै नेपालीलाई बाँधेर एकीकृत उद्देश्यमा विश्वास गराउने शिक्षा अहिलेको आवश्यकता हो। हामीमा कामलाई सम्मान र जिम्मेवारी पूरा गर्ने संस्कृतिको विकास गर्न पनि जरुरी छ। सबैले साझा सपनामा विश्वास गरेर आफ्नो जिम्मेवारी पूरा गर्ने हो भने नेपालले पनि यो नयाँ दशकमा विकासको नयाँ फड्को मार्न सक्छ।

(लेखक सिभिल इन्जिनियर हुन्। स्रोतः अनलाईनखबर)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
हेभी ईक्युप्मेण्ट डिभिजन
हेटौडा, मकवानपुर

लिलाम सम्बन्धी सूचना

बोलपत्र सूचना नं. HEDHTD-02/2079/080

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०१/१७)

१) श्री सडक विभाग, हे.ई.डि. हेटौडा, मकवानपुरमा रहेका पुराना काम नलाग्ने कवाड (पत्रु) अवस्थामा रहेका निम्नानुसारका सामानहरु जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट उल्लेखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

| क्र.सं. | सामानको विवरण | परिमाण | न्यूनतम मुल्य | कैफियत |
|---|---|---|---|---|
| १. | यान्त्रिक उपकरणहरु | १४ थान | ६३,३७,००४.०० (त्रिसठ्ठी लाख सैतिस हजार चार रुपैयाँ) (भ्याट बाहेक) | |
| २. | स्पेयर्स पार्ट्स | ६९०० के.जी. (अन्दाजी) | | |
| ३. | टायर, ट्युब्स (विभिन्न साईजको) | १५६ थान | | |
| ४. | ब्याट्री | १०० थान | | |
| ५. | स्क्रेप पार्ट्स | २०००० के.जी. (अन्दाजी) | | |

२. बोलपत्र फाराम Public Procurement Monitoring Office E-GP System:www.bolpatra.gov.np/egp बाट Download गरी प्राप्त गर्न सकिने छ। उक्त Website बाट Download गरी e-bidding मार्फत बोलपत्र बुझाउनु पर्ने छ। बोलपत्र सम्बन्धि आवश्यक कागजातको अतिरिक्त बोलपत्र दस्तुर वापतको रकम नेपाल बैंक लिं. सिटि अफिस हेटौंडामा राजश्व संकेत नं. १४२२९ (खाता नं. ००१०१००००००००१००१००१, कार्यालय कोड ३३७०१३२०३) मा जम्मा गरी भौचरको स्कायन कपि बोलपत्रसाथ Upload गर्नु पर्नेछ।
३. बोलपत्र फाराम दस्तुरः– रु. ३०००/– मात्र (पछि फिर्ता नहुने)।
४. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिः– प्रथम पटक प्रकाशित मितिले ३१ (एकत्तिस)औं दिन दिउँसो १२:०० बजे भित्र।
५. बोलपत्र खोलिने मिति र समयः– प्रथम पटक प्रकाशित मितिले ३१ औं दिन दिउँसो १४:०० बजे।
६. बोलपत्र खोलिने स्थानः– श्री स. वि. हे. ई. डि. हेटौंडा, मकवानपुर
७. धरौटी रकमः– कबोल अंकको १०% (दश प्रतिशत)।
८. धरौटी जम्मा गर्ने खाता नं. र बैंकको नाम, ठेगानाः– को. ले. नि. का., मकवानपुरको नाममा रहेको धरौटी खाता नं.: ०२५०१०००००२००३००००००१, नेपाल बैंक लि, सिटि अफिस हेटौंडा। बैंक जमानीपत्रको म्याद बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखी कम्तिमा १२० दिनको हुनुपर्नेछ।
९. कार्यालय कोडः– ३३७०१३२०३

**१०. बोलपत्र खरिद गर्न पेश गर्नुपर्ने कागजातः-**
क) फर्म/संस्था/कम्पनी भए इजाजत पत्रको प्रमाणित प्रतिलिपि।
ख) कर भुक्तान पत्रको प्रतिलिपि (आ.व. २०७८/०७९ सम्मको)।

११. बोलपत्रमा बोल कबोल गरेको कुल जम्मा रकममा नियम अनुसार १३% मूल्य अभिवृद्धि कर VAT लाग्ने छ।
१२. बोलपत्र दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सम्पूर्ण काम कार्यवाही त्यसको लगत्तै भोलिपल्ट कार्यालय खुलेको दिन सूचनामा उल्लेख भए बमोजिम हुनेछ।
१३. बोलपत्र दिनेको सही छाप नभएको, म्याद भित्र दाखिला नभएको, तोकिएको ठाउँमा खरिद कर्ताको सहिछाप नभएको तथा तोकिएको धरौटी रकम जम्मा नभएको वा अन्य कुनै कारणबाट रीत नपुगेको बोलपत्र माथि कुनै कारवाही हुने छैन।
१४. माथि उल्लेखित लिलाम हुने यान्त्रिक उपकरणहरुको ब्लुबुक र रजिष्ट्रेशन नम्बर अनुसार यातायात व्यवस्था कार्यालयबाट दर्ता नामसारी हुने छैन।
१५. बोलपत्र स्वीकृत वा रद्द गर्ने सम्पुर्ण अधिकार यस डिभिजनमा निहीत हुने छ।
१६. यस सम्बन्धि अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ।

कार्यालय प्रमुख

### सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरको अधिवेशन

# साधुराम चौलागाईको नेतृत्वमा सर्वसम्मत कार्यसमिति चयन




ग्रामीण आँखा केन्द्रको उद्घाटन गरिँदै ।

समाज संवाददाता

हेटौंडाः सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुर जिल्ला समितिको छैठौं अधिवेशनबाट दोस्रो कार्यकालका लागि साधुराम चौलागाई सर्वसम्मत निर्वाचित हुनुभएको छ। आइतबार भएको अधिवेशनले उपाध्यक्षमा ठूलीमाया मोक्तान, सचिवमा निर्मला न्यौपाने, कोषाध्यक्षमा बलराम अधिकारीसहित २५ सदस्यीय समिति सर्वसम्मत चयन गरेको छ ।

सामुदायिक वन उपभोक्ता महासंघकी अध्यक्ष भारती पाठकको प्रमुख आतिथ्यमा भएको अधिवेशनको उद्घाटन समारोहमा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, सामुदायिक वन उपभोक्ता महासंघको केन्द्रीय सचिवालय समिति सदस्य शान्ता न्यौपाने, बागमती प्रदेश अध्यक्ष विनोद सापकोटाको पनि आतिथ्य रहेको थियो । अधिवेशनको अवसरमा बागमती प्रदेश सभा सदस्यमा निर्वाचित महासंघकी अध्यक्ष भारती पाठकलाई सम्मान गरेको छ। हस्तकलासम्बन्धी तालिममा सहयोग गर्ने हेटौंडा उपमहानगरपालिकाको पिप्ले पोखरा सामुदायिक वन उपभोक्ता समूह, आयआर्जनका लागि वन क्षेत्रमा सामूहिक बेसार खेती गर्ने मकवानपुरगढी गाउँपालिकाको बुङदल सामुदायिक वन उपभोक्ता समूह, जडिबुटी खेती गर्ने मनहरी गाउँपालिकाको पशुपति सामुदायिक वन उपभोक्ता समूहलाई प्रशंसापत्रसहित सम्मान गरिएको छ ।

यस्तै गत चैत ८ र ९ गते हेटौंडामा महासंघको केन्द्रीय समिति बैठकका लागि सबैभन्दा बढी आर्थिक सहयोग गर्ने हेटौंडा-१८ स्थित पञ्चकन्या सामुदायिक वन उपभोक्ता समिति र महासंघको उत्कृष्ट स्थानीय तहको रुपमा मकवानपुरगढी गाउँपालिका समितिलाई प्रशंसापत्रसहित सम्मान गरिएको छ । महासंघले निवर्तमान अध्यक्ष एवम् सल्लाहकार पञ्चमाया स्याङ्तान, समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठ, साझा कुरा दैनिकका संवाददाता भीमसेन पौडेललाई पनि सम्मान गरेको छ ।

अधिवेशनलाई सम्बोधन गर्नुहुँदै महासंघकी अध्यक्ष भारती पाठकले सामुदायिक संस्थाहरु सवल हुनुपर्ने बताउनुभयो । उहाँले तीन तहको सरकारलाई राजश्व तिर्नुपर्ने बाध्यताबाट सामुदायिक वन समूहहरु पीडित हुनुपरेको गुनासो गर्नुभयो। मध्यवर्ती र निकुञ्ज आसपासका समुदायले भोग्नु परेका समस्या र वन्यजन्तुको आक्रमणको विषयमा पनि सरकारको ध्यानाकर्षण हुनुपर्ने बताउनुभएको छ । सामुदायिक वन उपभोक्ता महासंघले पालिका हुँदै जिल्ला अधिवेशन सकाएसँगै प्रदेश र राष्ट्रिय महाधिवेशन गर्ने कार्यतालिका छ ।

## सवारी दुर्घटनामा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-२, पीपलभञ्ज्याङमा सवारी दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ । आइतबार बिहान काठमाडौंबाट सिन्धुलीतर्फ आउँदै गरेको बा ८ च ९१३५ नम्बरको कार अनियन्त्रित भई उक्त ठाउँमा सडकबाट २० मिटर तल खस्दा कारमा सवार तीन जनामध्ये दुई जनाको घटनास्थलमै मृत्यु भएको र एक जना गम्भीर घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

मृत्यु हुनेमा झापा जिल्ला चारपाने-५ बस्ने कार चालक ४३ वर्षीय कुमार पुरी र सिन्धुली कपिलाकोट-३ घर भई हाल काठमाडौं महानगरपालिका गौरीघाट बस्ने ३८ वर्षीया साहारा प्रसाईं रहेको प्रहरीले जनाएको छ। कारमा सवार प्युठान नगरपालिका-८ बस्ने ३३ वर्षीय योगेन्द्र थापा गम्भीर घाइते भएका छन् । घाइते थापाको जिल्ला अस्पताल सिन्धुलीमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ।

## वनको प्रगति समीक्षा र योजना तर्जुमा गोष्ठी

समाज संवाददाता

हेटौंडाः आइतबार हेटौंडामा वन तथा वातावरणसम्बन्धी दोसो चौमासिक अवधिको प्रगति समीक्षा र योजना तर्जुमा गोष्ठी सुरु भएको छ । आर्थिक वर्ष २०७९/०८० को प्रगति समीक्षा र आर्थिक वर्ष २०८०/०८१ का लागि योजना तर्जुमा गोष्ठी भएको सुरु भएको हो ।

सोमबारसम्म चल्ने उक्त गोष्ठीको उद्घाटन बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले गर्नुभएको छ । बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयअन्तर्गत् वन निर्देशनालयले कार्यक्रम आयोजना गरेको हो । गोष्ठीमा बागमती प्रदेशका १३ जिल्लाको डिभिजन वन कार्यालय प्रमुखहरुको उपस्थिति रहेको छ।

## मनहरीमा चोरको बिगबिगी

समाज संवाददाता

हेटौंडाः पछिल्लो समय मकवानपुरको मनहरीमा चोरीको घटना वृद्धि भएको छ। केही समययता मनहरी-८ मा अवस्थित एक ग्यारेजमा चोरी भएको थियो। यस्तै, मनहरी-८ कै महेन्द्रकिरण माध्यमिक विद्यालयमा भएको चोरीको घटना सेलाउन नपाउँदै मनहरी-७, रमनटारमा रहेको रमनटार डिपाड बचत तथा ऋण सहकारीमा चोरी भएको छ।

बैशाख १६ गते रातिको समयमा अज्ञात समूहले सहकारीको भवनको पूर्वपट्टि रहेको झ्यालको ग्रिलमा रहेको किला निकाली प्रवेश गरी सीसी क्यामेराको डीबीआर बक्स र सहकारीको काउण्टरबाट ६ हजार ८ सय ६५ रुपैयाँ चोरी गरी लगेको सहकारीका व्यवस्थापक बिरु नेगीले जानकारी दिनुभयो। संस्थामा चोरी भएको घटना बिहानपखमात्र थाहा पाएपछि इलाका प्रहरी कार्यालय मनहरीलाई जानकारी गराइएको थियो।

सहकारीमा चोरी गर्ने चोरले अफिसभित्रको सबै दराज तोडफोड गरी पैसा खोजेकोजस्तो देखिएको नेगीको भनाइ छ। सिंचाई समितिको सदस्यता शुल्कबापत उठाइएको रकम भने दराज फोरी खोजी गर्दा पनि चोरले भेट्टाउन नसकेको उहाँको भनाई छ । पछिल्लो समय मनहरीमा भएका चोरीको घटनामा सीसी क्यामेराबाट बचेर चोरी गरिएको बताइएको छ । चोरले सीसी क्यामेराको पहुँचबाट आफूलाई सुरक्षित राख्ने प्रयास गरेको पाइएको छ । चोरी गरिएको स्थानको राम्रो जानकारी भएका व्यक्तिहरु चोरीमा सामेल भएको घटनाक्रमले देखाएको छ । चोरी गर्ने व्यक्तिलाई कतैकतै सीसी क्यामेराले कैद गरिएको भए पनि पहिचान गर्न मुस्किल भएको बताइएको छ ।

## मध्यवर्तीका जनता र निकुञ्ज प्रशासनबीच छलफल

समाज संवाददाता

हेटौंडाः मनहरी गाउँपालिकाको वडा नं. ६ र ७ मा पर्ने चितवन तथा पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरु र निकुञ्ज प्रशासनबीच छलफल भएको छ। मध्यवर्ती क्षेत्रका निकुञ्ज प्रभावित समुदायका प्रतिनिधिहरुले पर्सा राष्ट्रिय निकुञ्जका पदाधिकारीलाई भेटेर खाद्य अधिकार सम्बन्धी आफ्ना जिज्ञासा राखेका हुन् ।

छलफलका क्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ (पाँचौं संशोधन) को दफा ५, उपदफा २ ले व्यवस्था गरेअनुरुपको अधिकार मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजाति तथा सिमान्तकृत समुदायले पाउनुपर्ने माग राखेका छन् । छलफलमा समुदायका प्रतिनिधिले साग, सिस्नोलगायतको जंगली कन्दमूल संकलन तथा उपभोग गर्न, माछा मारेर जीविकोपार्जन गर्ने स्थानीय आदिवासी जनजातिहरु (बोटे, माझी, चेपाङ, थारू आदि) को परम्परागत पेशा व्यवसाय सुचारु गर्नका लागि माछा मार्ने अनुमतिपत्र पाउनुपर्ने माग राखेका छन्। साथै, अनुमति प्राप्त गरेकाहरुको अनुमतिपत्र नवीकरण गरिनुपर्ने, स्थानीयको घर, गोठ, पौवा आदि निर्माण र मर्मत गर्नका लागि आवश्यक काठ दाउरा संकलन गर्न पाउनुपर्ने माग गरिएको छ ।

खानेपानी तथा सिंचाईको लागि निकुञ्जभित्रको पानीको मुहान तथा निकुञ्ज हुँदै बहने नदी, खोला, ताल/तलैया प्रयोग गर्न पाउनुपर्ने, मानिस र चौपाया आवतजावतका लागि निकुञ्जभित्र पर्ने बाटो बिना रोकतोक प्रयोग गर्न पाउनुपर्ने, स्थानीयस्तरमा हुने उपभोक्ता समिति तथा समूहमा निकुञ्ज प्रभावित घरपरिवार र त्यहाँका महिलाहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता हुनुपर्ने माग गरिएको छ । निकुञ्ज क्षेत्रका वन्यजन्तुबाट भएको कृषि बाली तथा चौपाया हानी नोक्सानीको पूर्ण क्षतिपूर्ति पाउनुपर्ने, ढुंगा, गिटी, बालुवा चाल्न पाउनुपर्ने मागसमेत मध्यवर्ती क्षेत्रका प्रतिनिधिहरुले राखेका छन् ।

समुदायको मागलाई निकुञ्ज प्रशासनले सकारात्मकरुपमा लिएको निकुञ्जका कर्मचारी विवेक श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, 'समुदायले माछा मार्ने अनुमतिपत्रको बारेमा निकुञ्ज सकारात्मक छ ।' पहिले प्राप्त गरेको माछामार्ने अनुमतिपत्र हाल किन रोकिएको हो बुझेर तुरुन्तै जानकारी दिने उहाँले बताउनुभयो ।

भेट तथा छलफलको सहजीकरण लक्ष्मी गुरुङ गर्नुभएको थियो भने संयोजन र अगुवाई निकुञ्ज प्रभावित खाद्य अधिकार समूहका सदस्य तथा मनहरी गाउँपालिकाको कार्यपालिका सदस्य कान्छीमाया बोटेले गर्नुभएको थियो ।

## क्रिकेटको प्रारम्भिक छनोटमा १८ खेलाडी

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश खेलकुदका लागि मकवानपुर जिल्ला क्रिकेट संघले प्रारम्भिक चरणमा १८ जना खेलाडी छनौट गरेको छ। दोस्रो बागमती खेलकुदका लागि प्रारम्भिक छनोटमा परेका खेलाडीलाई बन्द प्रशिक्षणमा राखिने मकवानपुर जिल्ला क्रिकेट संघका सचिव बिनोद कुमार बानियाँले जानकरी दिनुभयो। प्रारम्भिक चरणमा गौरव खड्का, शुभ कंशाकार, बिशाल फुँयाल, सुमन सुनार, तक्षक सिम्खडा, सक्षम बास्ताकोटी, राम नरेश गिरी, रिजन ढकाल र सूवर्ण भट्ट, असिम श्रेष्ठ, समीर चौलागाईं, पियुष शर्मा, साकार गजुरेल, आस्तिक दाहाल, दिपन बानियाँ, गोकुल अधिकारी, गौरव क्षेत्री र सुमित वाग्ले चयन भएका छन् ।

## ४४ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडा औद्योगिक क्षेत्रमा भएको कार्यक्रममा ४४ जनाले रक्तदान गरेका छन् । आरएम केमिकल प्रालिको आयोजनामा आइतबार भएको कार्यक्रममा ४४ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्रमुख टंकप्रसाद दाहालले जानकारी दिनुभएको छ । बैशाख दोस्रो सातादेखि नियमित रक्तदान कार्यक्रम भएका कारण मागअनुसार रगत वितरण गर्न सहज भएको रक्तसञ्चार केन्द्र हेटौंडाले जनाएको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

भर्ना खुल्यो !! भर्ना खुल्यो !!
नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा विद्यार्थी, अभिभावक, शिक्षक तथा समस्त शुभचिन्तकहरुमा हार्दिक मङ्गलमय शुभकामनासहित
शैक्षिक सत्र २०८० को लागि कक्षा नर्सरी देखि कक्षा ९ सम्म भर्ना खुलेको सहर्ष जानकारी गराउन चाहन्छौं ।
Entrance प्रवेश परिक्षा भइरहेको जानकारी गराउन चाहन्छौं।
आधारभूत तथा माध्यमिक तहको Entrance परिक्षा चैत २९ गते हुनेछ ।
पूर्व प्राथमिक तथा प्राथमिक तहको Entrance परिक्षा चैत ३० गते हुनेछ ।
Tulasi Mehar Memorial Secondary School
Hetauda-10
Contact no:057-520737, 9855071876

आकर्षक जग्गा भाडामा
हेटौंडा-२, बालजागृति बोर्डिङ स्कुलको लाईनमा ३ कठ्ठा खाली जग्गा भाडामा उपलब्ध छ । विशेषगरी ठूला कम्पनीहरुका लागि अति उपयुक्त छ । आवश्यक कम्पनिले यथाशिघ्र सम्पर्क गर्नुहोला ।
इच्छुकले तु. सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८४१२७४८८३, ९८६१९४४५५८

स्वादिष्ट नेवारी खाजा
अब


होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

I Want to Swim

Contact : 057523533, 9845700596

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ